**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)


**चौरजहारी नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड : ४ | संख्या : १८ | मिति : २०७७/०९/१९

**भाग-२**

**चौरजहारी नगरपालिका**


**प्रमाणित मिति :-** २०७७/०९/२०

## चौरजहारी नगरपालिका लैङ्गिक हिंसा निवारण कोष संचालन मापदण्ड, २०७७

**प्रस्तावना :** नेपालको संविधान २०७२ को धारा ३८ को महिलाको हक कार्यान्वयन गर्न र लैङ्गिक हिंसाबाट पीडित वा प्रभावितलाई उद्धार गर्न वा पुनर्स्थापना गर्ने कार्यका लागि नगरपालिकामा लैंगिक हिंसा निवारण कोष स्थापना गरी सो कोषबाट पीडित वा प्रभावितलाई रकम प्रदान गर्ने कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनको लागि लैंगिक हिंसा निवारण कोष संचालन नियमावली, २०६७ तथा लैंगिक हिंसा निवारण कोष स्थापना तथा विस्तारका लागि सशर्त अनुदान रकम सम्बन्धी मापदण्ड, २०७६ को अधिन एवं स्थानीय सरकार ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगरपालिका लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७ तयार गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो मापदण्डको नाम चौरजहारी नगरपालिका **"लैंगिक हिंसा निवारण कोष संचालन मापदण्ड, २०७७"** रहेको छ ।

(२) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

चौरजहारी नगरपालिका

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

**(क) "नगरपालिका"** भन्नाले चौरजहारी नगरपालिकालाई सम्झनुपर्छ ।

**(ख) "कोष"** भन्नाले दफा (३) बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

**(ग) "पीडित"** भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।
**(घ) "घरेलु हिंसा"** भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना सम्झनुपर्दछ ।

**(ङ) "लैंगिक हिंसा"** भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, मानसिक वा यौनजन्य क्षति वा पीडा पर्‍याउने कार्य सम्झनु पर्दछ र सो शब्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दवाव, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

**(च) "कोष संचालन समिति"** भन्नाले मापदण्डको दफा (९) बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

३. **कोषको स्थापना :** (१) लैंगिक हिंसा पिडित र प्रभावितहरुको तत्काल उद्धार गर्न, राहत र पुन:स्थापना गर्ने काम समेतका लागि चौरजहारी नगरपालिकामा एक लैङ्गिक हिंसा निवारण कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमको रकम जम्मा गर्न सकिनेछ ।

(क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

(ख) चौरजहारी नगरपालिकाको आन्तरिक स्रोतबाट छुट्याइएको रकम

(ग) विभिन्न संघ संस्था वा व्यक्तिबाट सहयोग स्वरुप प्राप्त रकम

(घ) अन्य कुनै आन्तरिक तथा बाह्य स्रोतबाट प्राप्त रकम

(ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज रकम

४. **कोषमा रकम जम्मा गर्ने** : चौरजहारी नगरपालिकाले प्रत्येक वार्षिक बजेटमा व्यवस्था गरी कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

५. **कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि उपलब्ध गराउन उपयोग गरिनेछ :-

चौरजहारी नगरपालिका

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधी उपचार गर्न,

(ग) पीडितलाई तत्काल उपचार गराउँदा लागेको खर्च पीडकले तत्काल व्यहोर्न नसक्ने भई अदालतको आदेश बमोजिम त्यस्तो पीडितको स्वास्थ्य उपचार गर्न,

(घ) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(ङ) पीडितलाई कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोपरामर्श लगायतका सेवा प्रदान गर्न,

(च) सीपमुलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि कुनै व्यवसाय स्थापना गर्नको लागि अनुदान रकम प्रदान गर्न,

(छ) पीडित र प्रभावितका लागि पुनर्स्थापना गराउन,

(ज) अल्पकालीन महिला सुरक्षा सेवा केन्द्र संचालनको लागि माग भई आएमा समितिले आवश्यक ठानेमा आवश्यकता र औचित्यताको आधारमा सेवा केन्द्र संचालनको लागि रकम प्रदान गर्न,

(झ) पीडितको लागि कोष परिचालन समितिले तोके बमोजिमको अन्य काम गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कोष सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** कोषको रकम दफा (५) बमोजिम बाहेक अन्य कामका लागि उपयोग गर्न सकिने छैन् ।

**७. राहत तथा आर्थिक सहयोगको आधार र मापदण्ड** : (१) चौरजहारी नगरपालिकाले कोष परिचालन समिति गठन गरी पीडित र प्रभावितलाई राहत तथा आर्थिक सहयोग प्रदान गर्नेछ ।

(२) कोष संचालन समिति उपदफा (१) बमोजिम पीडित र प्रभावितलाई रकम उपलब्ध गराउँदा देहाय बमोजिमको रकमको हद र आधारमा लिनुपर्दछ ।

(क) पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग नगरेमा गम्भीर मानवीय क्षति हुने देखिएमा कोष संचालन समितिले निर्णय गरी बीस हजार रुपैयाँ नबढ्ने गरी मनासिव रकम,

चौरजहारी नगरपालिका

(ख) हिंसा पीडितले कुनै सीपमूलक तालिम प्राप्त गरी व्यवसाय संचालन गर्नका लागि वस्तुगत सहयोग वा नगद अनुदान माग गरेमा व्यवसायको प्रकृति र औचित्यताको आधारमा प्रतिव्यक्ति बढीमा बीस हजार रुपैयाँ,

(ग) पीडितलाई कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैयाँको दरले लागेको यथार्थ खर्च रकम,

(ङ) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्चको यथार्थ खर्च रकम,

(च) कोष सञ्चालन समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति, आवश्यकता र औचित्यताको आधारमा बढीमा दश हजार रुपैयाँ ।

८. **राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :** (१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने आधार देखिएमा मापदण्डको दफा (७) बमोजिम कोष संचालन समितिले निर्णय गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि पीडित तथा प्रभावितलाई तत्काल राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा दफा (७) बमोजिम कोष सञ्चालन समितिबाट पछि अनुमोदन गराउने गरी प्रमुख प्रशासकीय अधिकृतले तत्काल उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त निवेदन अनुसार जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सोको जानकारी निवेदकलाई गराउनु पर्नेछ ।

९. **कोष संचालन समिति गठन** : (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने प्रयोजनको लागि एक कोष संचालन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगर उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) सामाजिक विकास समिति संयोजक -सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख -सदस्य

(च) ईलाका प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(छ) कानून इकाई प्रमुख -सदस्य

(ज) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुमध्येबाट संयोजकले मनोनित गरेको एक जना सदस्य -सदस्य

(झ) महिला, बालबालिका तथा समाज कल्यान उपशाखा प्रमुख -सदस्य सचिव

१०. **समितिको काम, कर्तव्य र अधिकार : (१)** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) लैङ्गिक हिंसा पीडित तथा प्रभावितको उद्धार गर्ने, पुनःस्थापना गर्ने तथा राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यक्रम तर्जुमा गर्ने,

(ख) लैङ्गिक हिंसा पीडित तथा प्रभाविको पहिचान गर्ने र वास्तविक पिडित तथा प्रभाविका राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) स्वीकृत कार्यक्रमका लागि कोष परिचालन गर्ने गराउने,

(घ) स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकायसँग समन्वय गर्ने,

(छ) समितिलाई तत्काल आवश्यक पर्ने कोषमा रहेको रकम उपयुक्त क्षेत्रमा लगानी गर्ने,

चौरजहारी नगरपालिका

(ज) कोषमा रकम बृद्धिको लागि खोजी गर्ने,

(झ) लैङ्गिक हिंसा पिडित तथा प्रभावित सम्बन्धी अन्य काम गर्ने वा गराउने,

११. **समितिको बैठक र निर्णय : (१)** समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढि सदस्यहरु उपस्थित भएमा समितिको बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले आवश्यकता अनुसार नगरपालिकाको कुनै पदाधिकारी वा कर्मचारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिको बैठकमा निर्णय गरी निर्धारण गर्न सकिनेछ ।

१२. **समितिको प्रशासनिक खर्च :** समितिको प्रशासनिक खर्च कोषमा जम्मा भएको रकम र सो कोषबाट प्राप्त ब्याज रकमको ५ प्रतिशतभन्दा बढी हुने छैन् ।

१३. **खाता सञ्चालन :** (१) कोषको रकम समितिको निर्णय बमोजिम कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. **कोषको लेखा र लेखापरीक्षण :** कोषको लेखा र लेखापरीक्षण नगरपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परीक्षण प्रक्रिया बमोजिम हुनेछ ।

१५. **कोषको रकम फ्रिज नहुने** : कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यसम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन् ।

चौजरी नगरपालिका

१६. **प्रतिवेदन पेश गर्ने :** (१) समितिले आफूले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले पेश गरेको प्रतिवेदन नगर कार्यपालिकाले सार्वजनिक गर्नेछ ।

१७. **बैठक भत्ता :** समितिका संयोजक र सदस्यले समितिको बैठकमा भाग लिए वापत नगर कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

१८. **कोषको सचिवालय :** कोषको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ ।

१९. **अभिलेख राख्ने :** समितिले आफूले गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

२०. **निर्देशन दिन सक्ने :** (१) नगर कार्यपालिकाले समितिको कामकारबाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगर कार्यपालिकाले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२१. **अधिकार प्रत्यायोजन :** समितिले यस मापदण्ड बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, सदस्य वा नगर कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२२. **कोष खारेज हुन सक्ने :** (१) कुनै कारणवस कोष संचालन गर्न आवश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।

**आज्ञाले,**

नाम : रामबहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत

घोराही नगरपालिका